'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ९१ | बुधवार १२ मंसिर, २०८१ | 27 (Wednesday) November 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

# नेपालगञ्ज भन्सारमा ६ वर्ष भयो स्क्यानर मेसिन बिग्रिएको

नमस्ते समचारदाता
नेपालगन्ज, मंसिर/११



नेपालगञ्ज भन्सार कार्यालयको जमुनाह नाकास्थित यात्रु आगमन कक्षमा 'लगेज स्क्यानर मेसिन' नहुँदा मालसमान जाँचपासमा समस्या हुने गरेको छ । भन्सार परीक्षणलाई पारदर्शी र छिटोछरितो बनाउनका लागि नेपाल-भारत सीमा क्षेत्र जमुनाहा नाकास्थित यात्रु आगमन कक्षमा राखिएको 'लगेज स्क्यानर मेसिन ६ वर्षदेखि बिग्रिएर थन्किएपछि भन्सार कर्मचारीले हातैले मालसामान छामेर जाँच गर्नुपर्ने बाध्यता रहेको छ। अन्तर्राष्ट्रिय सीमा नाकाको संवेदनशीलतालाई बुझेर भन्सार परीक्षणलाई पारदर्शी, सरल तथा सहजता दिनका लागि भन्दै भन्सार विभागले २०७४ सालमा नेपालगञ्ज भन्सार कार्यालयलाई लगेज स्क्यानर मेसिन खरिद गरी पठाएको नेपालगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी पूर्णप्रसाद लम्सालले जानकारी दिए। लम्सालका अनुसार, उक्त मेसिन जमुनाहा नाकास्थित भन्सार कार्यालयको यात्रु आगमन कक्षमा लगेर राखेको दुई वर्षपछि उक्त मेसिन बिग्रिएको थियो । हालसम्म पनि मर्मत गरिएको छैन। दैनिक हजारौँको संख्यामा सर्वसाधारण यात्रु नेपालबाट भारततर्फ र भारतबाट नेपालतर्फ पैदल आउँजाउँ गर्ने उक्त नाकामा मेसिन बिग्रिँदा भन्सार कर्मचारी र सुरक्षाकर्मीले सामान हातैले छामछुम पार्दै जाँच गर्ने गरेका छन्। नेपालबाट भारततर्फ जाने सर्वसाधारणका लागि सीमावर्ती भारतीय नाका रूपैडिहामा भारतीयको 'एसएसबी' ले राखेको स्क्यानरमा मालसामान जाँच गराउने व्यवस्था छ । एसएसबीले मालसमानको मात्र नभएर प्रत्येक व्यक्तिका लागि अलग्गै स्क्यानरको व्यवस्था गरेको छ । एकातिर मालसामानको स्क्यान हुन्छ भने अर्कोतिर व्यक्तिको स्क्यानिङ हुन्छ । मेसिन सञ्चालन नहुँदा सामान जाँचमा बढी समय लाग्दा गन्तव्यमा छिट्टै पुग्नुपर्ने बाध्यतामा रहेका यात्रुहरूले पनि झन्झट व्यहोर्नु परिरहेको इलाका प्रहरी कार्यालय जमुनाहाका इन्चार्ज प्रहरी निरीक्षक उपेन्द्र बुढाथोकीले बताए । नेपालगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत जनार्दन पौडेलले बिग्रेको स्क्यानर मेसिनलाई मर्मत सम्भार गरी सञ्चालनमा ल्याउन कठिन भएकोले नयाँ मेसिन खरिदको लागि पहल भइरहेको जानकारी दिए । पुरानो मेसिन मर्मतमा धेरै बजेट लाग्ने भएकोले नयाँ स्क्यानर मेसिन खरिद र यात्रु कक्षलाई सुधारका लागि भन्सार विभागमा जानकारी गराएको उनको भनाइ छ । नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका पूर्व अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले लगेज स्क्यानर मेसिन सञ्चालन गरेर भन्सारमा कडाइ गर्न सके अवैध ओसारपसारमा कमी आउने बताए ।

# प्रदेशसभा सदस्य चौधरी एमालेद्वारा निलम्बित

नमस्ते समचारदाता
बाँके, मंसिर/११



नेकपा (एमाले) बाँकेले पार्टी अनुशासन विपरीत काम गरेको भन्दै लुम्बिनी प्रदेशसभा सदस्य दुर्गा चौधरीलाई पार्टी सङ्गठित सदस्यताबाट समेत निलम्बनको कारबाही गरेको छ। गत २०७९ को प्रदेशसभाको निर्वाचनमा बाँके क्षेत्र नम्बर १ प्रदेश(ख) बाट नेकपा (एमाले)को तर्फबाट निर्वाचित प्रदेशसभा सदस्य हुन । चौधरी लुम्बिनी प्रदेशमा सरकारमा एमाले प्रदेश संसदीय दल नेता लीला गिरी नेतृत्वको प्रदेश सरकारमा वन तथा वातावरण मन्त्रीको जिम्मेवारी समेत सम्हालिसकेका नेता हुन । चौधरीलाई पार्टीलाई हानी नोक्सानी पुऱ्याउने मनसायका साथ केन्द्रीय अध्यक्ष, महासचिव समेतको मानहानि हुने गरी पार्टीका मूल्य मान्यता विपरीत सार्वजनिक रुपमा गालीगलौज गर्ने, सामाजिक सञ्जालमा पार्टीका नेता, कार्यकर्तालाई खुइल्याउने जस्ता गतिविधि निरन्तर गरेपछि पार्टी विधानको धारा ८(३) र (४)० बमोजिम स्पष्टीकरण सोधिएको थियो । तर सांसद चौधरीले आफ्ना कमिकमजोरीहरु महसुस गर्नुको साटो नेता, कार्यकर्ता र समग्र पार्टीका विरुद्ध लिखित जवाफ दिएपछि विधानको धारा ८१(७) को अनुशासनको कारवाहीको व्यवस्था अनुरुप पार्टी सदस्यताबाट निलम्बन गरिएको जिल्ला अध्यक्ष निरक गुरुङले जानकारी दिएका छन् । कारबाही बारे अध्यक्ष गुरुङले भने, 'लगातार पार्टी नेता र पार्टीविरुद्ध गतिविधि जारी राखेपछि निलम्बनको कारबाही गर्न बाध्य भएका छौं ।' चौधरी नेकपा एमाले प्रदेश कमिटीको उपसचिव समेत हुन ।

# विद्यालयको दिवा खाजामा अनियमितता

नमस्ते समचारदाता
कालीकोट, मंसिर/११




सरकारले आधारभूत विद्यालयमा अध्ययन गर्ने स-साना बालबालिकालाई नियमित विद्यालय ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले दिँदै आएको दिवा खाजामा कालीकोटको रास्कोट नगरपालिकाले चलखेल गरेको कुरा बाहिर आएको छ। प्रति विद्यार्थी २५ रुपियाँका दरले पाउने दिवा खाजाबापतको रकम एकमुष्ट आफन्तलाई दिएर बजारको तयारी खाजा रास्कोटका सरकारी विद्यालयमा वितरण गरिएको छ। स्थानीय उत्पादनको राम्रो सम्भावना भएको रास्कोट नगरका बासिन्दाले उत्पादन गरेको खाद्यान्न प्रयोग गर्नुको सट्टा बजारको एक खाद्य कम्पनी मार्फत दिवा खाजा ढुवानी हुन थालेपछि नगरपालिकाको मनपरी बाहिर आएको हो । रास्कोट नगरपालिका-६ का महेश फर्सालले आफन्तलाई खाजाको ठेक्का दिएर स्थानीय किसानलाई पीडित बनाएको गुनासो गरे । नगरप्रमुख धर्मराज शाहीका द्वन्द्वकालका साथी कैलालीका गजेन्द्र स्वाँरलाई रास्कोटका सामुदायिक विद्यालयले पाउने दिवा खाजाको ठेक्का दिएर यहाँका विद्यार्थी र अभिभावक माथि अन्याय गरेको फर्सालको आरोप छ । एक विद्यालयका प्रधानाध्यापका अनुसार एकाएक विद्यालयमा तीन लाख ५० हजारको बिल सहित दिवा खाजाका बोरा पठाइएको छ। थप यसबारे बुझ्दै जाँदा नगरप्रमुख शाहीका आफन्तलाई नगरपालिकाको शिक्षा शाखाले दिवा खाजा खरिदको ठेक्का दिएको रहेछ। सो व्यक्तिले समान खरिद गरेर सबै विद्यालय पुऱ्याउने गरेको उनले बताए। शिक्षा समितिमा प्रस्ताव लैजाने देखि निर्णय गराउने सम्म शिक्षा शाखा प्रमुख खेमराज शाहीको भूमिका रहेको बताइएको छ। निर्णय शिक्षा समितिमा गराउने, सामान खरिद गर्न शिक्षा शाखा प्रमुख शाहीले गराउने र भुक्तानी दिँदा विद्यालयलाई जिम्मा दिने निकै चलाखीपूर्ण तरिका अपनाएको देखिन्छ। रास्कोटका स्थानीयवासी समेत रहेका कर्णाली प्रदेश योजना आयोगका सदस्य अशोकनाथ योगीले स्थानीय उत्पादनलाई महत्व दिनुको सट्टा बाहिरबाट खरिद गरेर दिवाखाजा खुवाउनु उचित नभएको बताए। विराटनगरको उद्योगलाई कालीकोटको रास्कोटमा दिवा खाजा आपूर्ति गर्न लगाउनुले आशङ्का उब्जिएको उनको भनाई छ ।

बाँकी ३ पेजमा...


नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७८०७५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
namastekarnali2068@gmail.com
namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## सोचाईमा परिवर्तन आवश्यक छ

सन १९६० मा ल्याटिन अमेरिकन देश डोमिनिकन सिटीमा तत्कालिन तानाशाही त्रुजिलो सरकारले राजनीतिक कार्यकर्ता तीनजना मीरावाल दिदीबहिनीको क्रूरतापूर्वक हत्या गरेपछि त्यहाँ उठेको आन्दोलनले डोमिनिकनमा गणतन्त्र स्थापना भएको थियो। पछि १९९१ मा महिला मानव अधिकारवादीहरुले २५ नोभेम्बरलाई मीरावाल दिदीबहिनीले राजनीतिक कार्यकर्ता र त्यसमा पनि महिला भएकोले भोग्नुपरेका अतिरिक्त बर्बरतापूर्ण यातना र हत्याको सन्दर्भलाई जोडेर विश्वभर महिलाबिरुद्ध हुने हिंसाबिरुद्ध सरकार र नागरिक समुदायको ध्यानाकर्षण गराउने दिनको रुपमा चुने । संयुक्त राष्ट्रसंघले यो अभियानलाई मान्यता दिएपछि औपचारिकरुपमा १६ दिवसीय अभियान मनाउन शुरु गरिएको भए पनि नेपालमा महिला अधिकारको क्षेत्रमा काम गर्नेहरुले अभियान मनाउन थालिसकेका थिए। समाजमा दिनहुँजसो लैङ्गिक हिंसाका घटना भइरहेका बेला यस्तो खालको अभियान १६ दिनमात्र नभएर हाम्रा दैनिकीसँग जोडेर लैजानुपर्ने आवश्यकता अझै बढेर गएको छ। लैङ्गिक हिंसा भनेको महिला, पुरुष या यौनिक तथा लैङ्गिक अल्पसंख्यक जो कोहीलाई पनि लैङ्गिक आधारमा गरिने भेदभाव हो। तर हाम्रो जस्तो पितृसत्तात्मक संरचना भएको समाजमा महिला तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुमाथि दोस्रो तेस्रो दर्जाको नागरिकको रुपमा व्यवहार हुँदै आएको छ। यही व्यवहारले लैङ्गिक हिंसालाई बढावा दिएको हो। अहिले समय बदलिएको छ, लैङ्गिक हिंसाका स्वरुपहरु बदलिएका छन्, तर मान्छेमा रहेको विभेदकारी लैङ्गिक सोचमा तात्विक बदलाव आएको देखिँदैन।लैङ्गिक हिंसा संवैधानिक, कानुनी र सामाजिक सबै हिसाबले दण्डनीय अपराध मानिन्छ। लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७१ अनुसार लैङ्गिक हिंसा भन्नाले सार्वजनिक वा निजी जीवनमा लैङ्गिक आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्‍याउने कार्य सम्झनुपर्छ र सो शब्दले लैङ्गिक आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ। लैङ्गिक हिंसा सामाजिक र कानुनी दुबै हिसाबले दण्डनीय अपराध मानिन्छ। यसरी कानुनी हिसाबले दण्डनीय मानिँदा पनि यस्तो हिंसा कम हुनुको साटो बढ्दै गएको प्रहरीमा परेका उजुरी हेर्दा नै देखिन्छ। यसले संविधान कानूनले बोलेर मात्र हुँदो रहेनछ भन्ने देखिन्छ। संविधान कानुन मान्नुपर्ने नागरिक र यसको पालनामा जिम्मेवारी लिनुपर्ने, जवाफदेही बन्नुपर्नेहरुमा नै समस्या देखिन्छ।


## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुर्‍याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला


# स्वास्थ्य पद्धतिमा वैकल्पिक बन्दै आयुर्वेद



रमेशचन्द्र न्यौपाने



१९७३ चैत २० गते अक्षय तृतीयाको दिन पं. कविराज हरिप्रसाद खकुरेललाई हाकिम वैद्यको रूपमा नियुक्ति गरी भीमसेनस्थान विष्णुमतीको किनारामा एक शैयूयायुक्त नेपाल राजकीय आयुर्वेद औषधालयको स्थापना भयो । १९७४ सालमा चार शैयूयायुक्त बनाइयो। १९७५ मा नरदेवीमा स्थानान्तरण गरियो। २००८ मा चार शैयूया थपेर आठ शैयूयायुक्त बनाइयो । २०१७ मा आठ शैयूया थपेर १६ शैयूयायुक्त बनाइयो । २०१९ देखि आयुर्वेद विद्यालय र चिकित्सालय गाभेर एकै नामबाट सञ्चालन भए। २०१९ मा ९ शैयूया थपेर २५ शैयूयायुक्त बनाइयो। २०३५ मा शतप्रतिशत शैयूया थपेर ५० शैयूयायुक्त बनाइयो । २०५५ मा शतप्रतिशत शैयूया थपेर एक सय शैयूयायुक्त बनाइयो । वीर अस्पतालको स्थापना १९७४ मा भएको हो । राजा त्रिभुवनले आयुर्वेद चिकित्सा सेवाको संस्थागत विकासको योजना तयार गर्न लगाएका थिए । १९९० सालमा युनानी औषधालय स्थापना, २००४ मा होमियोप्याथी अध्ययनका लागि कोलम्बो प्लानको व्यवस्था मिलाइएको थियो। २०१० सालमा नेपालमै सरकारी स्तरबाट पशुपति होमियोप्याथी चिकित्सालय स्थापना गरियो । २०१३ सालदेखि बनेका स्वास्थ्यसम्बन्धी अल्पकालीन तथा दीर्घकालीन नीति तथा योजनामा आयुर्वेद तथा वैकल्पिक चिकित्साका विभिन्न विधालाई विशेष स्थान दिँदै २०३८ सालमा आयुर्वेद विभाग स्थापना गरियो। २०५२ सालमा 'राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति' ल्याइयो। राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीतिले परिकल्पना गरेका आयुर्वेद विभागका महाशाखाहरू, आयुर्वेद चिकित्सा परिषद् नेपाल, राष्ट्रिय आयुर्वेद प्रतिष्ठान, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, नरदेवी आयुर्वेद चिकित्सालय ९११८ शैयूयायुक्त देशको एकमात्र केन्द्रीय आयुर्वेद अस्पताल, ३० शैयूयायुक्त मध्यपश्चिमाञ्चल क्षेत्रीय आयुर्वेद चिकित्सालय, बिजौरी, दाङ, निर्माणाधीन ५० शैयूयायुक्त क्षेत्रीय आयुर्वेद अस्पताल दुई (पूर्वाञ्चल क्षेत्रीय आयुर्वेद अस्पताल, लखनपुर, झापा र सुदूरपश्चिमाञ्चल अस्पताल, गेटा, कैलाली) स्थापना भइसकेका छन् । नेपालमा सुरुआतमा गुरु-शिष्य परम्पराबाट आयुर्वेदको अध्ययन अध्यापन हुने गरेकोमा राणा शासनकालदेखि औपचारिक रूपमा प्राविधिक जनशक्ति उत्पादन गर्न सर्वप्रथम श्री ३ चन्द्रशम्शेर जबराबाट १९७९ पुसदेखि ब्याजको रूपमा प्राप्त रकमबाट आयुर्वेद जनशक्ति उत्पादन व्यवस्थाका लागि दुई लाख प्रोमिसरी नोट गुठी राखेको घटना स्मरणीय छ । नेपालमा आयुर्वेदको औपचारिक शिक्षा १९८५ मा नेपाल राजकीय आयुर्वेद विद्यालयको स्थापनासँगै भएको हो । १९९० सालदेखि वैद्य विनोद, वैद्य भूषण, वैद्य रत्नगरी क्रमशः दुई, चार र ६ वर्ष अवधिका तीन कोर्स पढाइन्थ्यो । शिक्षाको यो क्रम २००८ सम्म चल्यो। २००८ देखि २०३०-३३ सम्म ती पाठ्यक्रम आयुर्वेद मध्यमा, आयुर्वेदशास्त्री, आयुर्वेदाचार्यमा परिणत गरी सञ्चालन गरिए । २०२८ सालमा नयाँ शिक्षा योजना लागू भएपछि नेपाल राजकीय आयुर्वेद विद्यालय त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थानअन्तर्गत रह्यो र यसलाई आयुर्वेद क्याम्पस नामकरण गरियो । २०३० सालमा पूर्व सञ्चालनमा रहेका आयुर्वेदमध्यमा, आयुर्वेदशास्त्री, आयुर्वेदाचार्य कार्यक्रम स्थगित भए । २०३७ सालदेखि वार्षिक परीक्षा प्रणालीअन्तर्गत आयुर्वेद तथा सामान्य चिकित्सा प्रवीणता प्रमाणपत्र तह तीन वर्षको अध्ययन अवधि राखी सञ्चालन गरियो। २०४४ सालमा सहायक आयुर्वेद कार्यकर्ता, प्रवीणता प्रमाणपत्र तह र बीएएमएस (स्नातक) तहको कार्यक्रम प्रारम्भ गरियो । २०४४-४५ सालमा सहायक आयुर्वेद कार्यकर्ता तहको कार्यक्रम दुई ब्याच सञ्चालनपछि स्थगित भयो र २०५३-५५ सम्म आयुर्वेद विभागले तीन वर्ष सञ्चालन गर्‍यो। जुन तीन ब्याच उत्पादनपछि बन्द भयो । प्रवीणता प्रमाणपत्र तह २०५१ पछि स्थगित गरियो । बीएएमएस (स्नातक) तहको कार्यक्रमका विद्यार्थीले आन्दोलनपश्चात् बीएएमएमएसमा परिणत गराएपछि बन्द भयो । २०५३ देखि बीएएमएसको शिक्षा पुनः सुरु गरियो, जुन हालसम्म चालू छ। २०६९ असार १ गतेदेखि कार्यचिकित्सा विषयमा एमडी (स्नातकोत्तर तह) अध्ययन अध्यापन गराउने कार्य सुरु भयो । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापनापछि हालसम्म यसअन्तर्गत आयुर्वेद तथा सामान्य चिकित्सा प्रवीणता प्रमाणपत्र तह अध्ययन अध्यापन गराउने दुई र आयुर्वेदमा टेक्निकल एसएलसी अध्ययन अध्यापन गराउने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत १२ शैक्षिक संस्था सञ्चालनमा छन् । नीतिगत व्यवस्था : सबै नेपाली नागरिकलाई शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम बनाउने सोचका साथ ल्याइएको राष्ट्रिय स्वास्थ्य नीति २०७१ को नीति ३ ले देशमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास तथा प्रचलित अन्य पूरक चिकित्सा प्रणालीको संरक्षण र व्यवस्थित विकास गर्न निम्नानुसारका रणनीति लिएको छ ।

१. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास गरिने छ । यस क्षेत्रमा अनुसन्धानद्वारा सेवाको गुणस्तर मूल्यांकन गरी विकास एवं परिमार्जन गरिनेछ । होमियोप्याथी, युनानी, तथा अन्य पूरक चिकित्सा प्रणालीको संरक्षण, विकास र विस्तारका लागि दीर्घकालीन योजना निर्माण गरी लागू गरिने छ।

२. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनकार लागि उपयुक्त संरचनाको विकास र विस्तार गर्दै लगिनेछ।

३. स्थानीय रूपमा उपलब्ध जडीबुटीको संरक्षण र समुचित प्रयोगलाई विशेष योजना तथा कार्यक्रमसहित निजी र सरकारी आयुर्वेद औषधि उत्पादकको उत्पादन गुणस्तर सुनिश्चित गर्दै उत्पादन वृद्धि र व्यवसायीकरणमा जोड दिइनेछ।

४. राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रका लागि उपयुक्त जनशक्तिको विकास तथा व्यवस्थापन गरी आयुर्वेद क्षेत्रमा अध्ययन, अनुसन्धान र अनुसन्धानसँग सम्बन्धित दक्ष जनशक्तिको उत्पादनलाई प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा सञ्चालन गरिनेछ।

५. आयुर्वेद तथा जडीबुटीका नाममा हुने अनुचित गतिविधिहरूलाई नियमन गरी आयुर्वेद स्वास्थ्य सेवाको गुणस्तर वृद्धिमा विशेष ध्यान दिइनेछ । नेपाल स्वास्थ्य क्षेत्र रणनीति सन् २०१५-२०२० कार्यान्वयन कार्ययोजनाले आयुर्वेद विभागअन्तर्गत रणनीतिहरूमा आयुर्वेद स्वास्थ्य सेवा, आयुर्वेद जडीबुटी र औषधि तथा आयुर्वेद जडीबुटीको गुणस्तर सुनिश्चित कार्यक्रम अवयवका कार्य व्याख्यामा थुप्रै कार्यक्रम, ती कार्यक्रमका लक्ष्य, सूचकांक र प्रतिफल प्रस्तुत गरेको छ, जुन आयुर्वेद क्षेत्रको विकासमा कोसेढुंगा हुन सक्छ।

ऐननियमको व्यवस्था : आयुर्वेद चिकित्सा सेवाको विशिष्टतालाई मध्यनजर गरी स्वास्थ्य सेवामा रहने प्रणालीअन्तर्गत आयुर्वेद चिकित्सा प्रणाली पनि समावेश गरिएको छ। नेपाल स्वास्थ्य सेवा ऐन २०५३ र नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ ले आयुर्वेद चिकित्सा सेवामा विशेषज्ञ सेवाको आवश्यकतालाई मध्यनजर गरी नेपाल स्वास्थ्य सेवामा आयुर्वेद समूहअन्तर्गत जनरल आयुर्वेद, भेषज, कार्यचिकित्सा, शल्य तथा संज्ञाहरण, शालाक्य, स्त्री तथा प्रसूति एवं कौमारभृत्य गरी सात उपसमूहको व्यवस्था गरेको छ। चिनियाँ परम्परागत चिकित्सा (टीसीएम)मा स्नातकोत्तर गरेका जनशक्ति व्यवस्थापन गर्न नेपाल स्वास्थ्य सेवामा टीसीएम समूह बनाई दरबन्दी सिर्जना गरी वृत्ति विकासको ढोका खोल्न आवश्यक देखिन्छ।

### वैकल्पिक चिकित्सा

नेपालमा प्रचलनमा रहेका वैकल्पिक चिकित्सा : प्राकृतिक चिकित्सा, होमियोप्याथी, युनानी, आम्ची (सोवारिक्पा), चिनियाँ परम्परागत चिकित्सा आदि हुन् ।

विद्यमान संरचना : स्वास्थ्य मन्त्रालयमा आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा, आयुर्वेद विभाग, सिंहदरबार वैद्यखाना विकास समिति, आयुर्वेद चिकित्सा परिषद् नेपाल, राष्ट्रिय आयुर्वेद प्रतिष्ठान, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, नरदेवी आयुर्वेद चिकित्सालय (११८ शैयूयायुक्त देशको एकमात्र केन्द्रीय आयुर्वेद अस्पताल), ३० शैयूयायुक्त मध्यपश्चिमाञ्चल क्षेत्रीय आयुर्वेद चिकित्सालय, बिजौरी, दाङ, निर्माणाधीन ५० शैयूयायुक्त क्षेत्रीय आयुर्वेद अस्पताल दुई ( पूर्वाञ्चल क्षेत्रीय आयुर्वेद अस्पताल, लखनपुर, झापा सुदूर पश्चिमाञ्चल अस्पताल, गेटा, कैलाली)। ७ सय ५३ स्थानीय तहमध्ये ३ सय ११ स्थानीय तहमा आयुर्वेद स्वास्थ्य सेवा र आयुर्वेद स्वास्थ्य संस्थाहरू विस्तारित छन् भने आयुर्वेद स्वास्थ्य संस्थाहरू नभएका स्थानीय तह ४ सय ४२ छन्। विद्यमान शैक्षिक संस्थाहरू : एमडी अध्ययन अध्यापन गराउने त्रिविअन्तर्गत १, बीएएमएस अध्ययन अध्यापन गराउने त्रिविअन्तर्गत २ र नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत ३, प्रवीणता प्रमाणपत्र तह अध्ययन अध्यापन गराउने नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत १ र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदअन्तर्गत २ र आयुर्वेदमा टेक्निकल एसएलसी अध्ययन अध्यापन गराउने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदअन्तर्गत १२ शैक्षिक संस्था छन्। जनशक्तिको स्थिति : नेपालमा एमडीरएमएस गरेका विशेषज्ञ आयुर्वेद जनशक्ति ६१ जना र अन्य वैकल्पिक चिकित्सामा स्नातकोत्तर गरेका ११ जना, स्नातक गरेका ६ सय ७ जना, स्नातक आयुर्वेद फार्मेसी ४ जना, प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेका १ हजार ४ सय ३६ जना र आयुर्वेदमा टेक्निकल एसएलसी उत्तीर्ण गरेका १ हजार ७ सय ९५ जना जनशक्ति छन् । सरकारी संयन्त्रको पदसोपानमा एमडीरएमएस उत्तीर्ण गरेका विशेषज्ञ आयुर्वेद जनशक्तिको प्रमुख कन्सल्टेन्ट आयुर्वेद विज्ञ, बीएएमएस उत्तीर्ण गरेका जनशक्तिको वरिष्ठ आयुर्वेद चिकित्सक र आयुर्वेद चिकित्सक, प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेका जनशक्तिको वरिष्ठ कविराज र कविराज र आयुर्वेदमा टेक्निकल एसएलसी उत्तीर्ण गरेका जनशक्तिको वरिष्ठ वैद्य र वैद्य पदनाम दिइएको छ । आयुर्वेद सेवा कार्यक्रमहरूको विवरण : नेपाली जनतालाई आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्न आयुर्वेद विभागले आयुर्वेद सेवा कार्यक्रम सञ्चालन गर्छ। आयुर्वेद सेवा कार्यक्रम नेपाल सरकारका प्राथमिकता १ अन्तर्गतका कार्यक्रम हुन् । आयुर्वेद सेवा कार्यक्रमहरूलाई सेवामूलक कार्यक्रम, सचेतनामूलक कार्यक्रम, विभिन्न सामग्री तथा औषिध खरिद गरी तीन समूहमा वर्गीकरण गरिएकोछ।

# घरमै कोदो बिकेपछि महिला हर्षित

नमस्ते समचारदाता
बाजुरा, मंसिर/११



बाजुरामा उत्पादन गरेको कोदो पछिल्लो समय घरआँगनमै बिक्री हुन थालेपछि यहाँका महिला निकै खुसी भएका छन् । पहिला यहाँ उत्पादन भएको कोदो कतै बिक्री हुँदैनथ्यो । यहाँका स्थानीय प्रायः कोदो पनि खाँदैनथे । धर्मकर्ममा लागेकाले त माघ महिना तथा व्रतका बेला कोदो भनै खाँदैनथे । बाजुरामा माघको महिना घरमा आएका पाहुनालाई समेत कोदोको रोटी नदिने चलन यहाँका अधिकांश गाउँबस्तीमा अहिले पनि छ । अहिले जिल्लाभित्र तथा बाहिर देखि कोदो किन्नेहरू घरआँगनमै आउन थालेपछि यहाँका महिला अहिले घरआँगनमै कोदो बिक्री भएको भन्दै निकै खुसी भएका हुन् । पहिला सासूससुराले धेरै कोदो लगाउने गर्थे । घरमा धेरै भात खाने गरेकाले त्यो कोदोको रोटी प्रायः कोही नखाने र बिक्री गर्दा पनि कतै बिक्री नहुने भएकाले त्यसलाई गाईभैँसीलाई पिठोका रूपमा खुवाउने गरेको बुढीगङ्गा नगरपालिका-१० की लाली साउदले बताउनुभयो । उहाँले भन्नुभयो, "कोदो लिनका लागि धमाधम व्यापारी घर आउने र हातमा पैसा थमाइजाने गरेकाले निकै खुसी भएकी छु ।" यहाँको अर्गानिक कोदो देशका ठुला सहरमा माग बढ्न थालेपछि व्यापारीले दैनिक गाउँबाट कोदो सङ्कलन गर्न थालेपछि गाउँमा कोदो किन्नेहरू आउन थालेको खप्तड छेडेदह गाउँपालिका-४, खाती गाउँकी जलु धामीले बताउनुभयो । बाजुरामा कोदो निकै राम्रो र धेरै उत्पादन हुने गर्दछ । यहाँका अधिकांश प्रायः परिवारले पाखो र भिरालो जमिनमा कोदो खेती गर्ने गर्छन् । बाजुराको हिमाली, जगन्नाथ, स्वामीकार्तिक, बुढीनन्दा, बडीमालिका, गौमूल बुढीगङ्गा, खप्तड छेडेदह र त्रिवेणीलगायतका विभिन्न ठाउँमा कोदो राम्रो उत्पादन हुन्छ तर पनि यहाँका स्थानीयले कोदो खासै लगाउने गर्दैनन् । पछिल्लो समय देशका विभिन्न सहरबाट कोदोको माग बढेको र स्थानीय तहले पनि अर्गानिक खाद्यान्नलाई बढी प्राथमिक दिन थालेपछि अहिले कोदोप्रति यहाँका स्थानीयको चासो बढ्न थालेको छ । बाजुराको अर्गानिक कोदोको माग पछिल्लो समय विभिन्न सहरमा बढ्न थालेपछि अहिले यहाँका स्थानीय पनि फेरि कोदो खेती लगाउन थालेका छन् । अहिले यहाँका केही स्थानीय सरकारले पनि विद्यालयमा बालबालिकालाई खुवाइँदै आएको दिवा खाजामा कोदोको परिवार अनिवार्य गर्दै आएका छन् । कोदो खेतीले यहाँका स्थानीयको जीविकोपार्जन गर्न सहज देखिएकाले अहिले यहाँका स्थानीयलाई कोदो खेतीमा उत्प्रेरित गर्दै आएको स्थानीय तह बताउँछन् । बाजुरामा दुई लाख ३० हजार ३७ हेक्टर जमिनमध्ये २२ हजार हेक्टर खेतीयोग्य भए पनि पाँच हजार २३५ हेक्टर जमिन वर्षभरि सिँचाइ सुविधा छ ।

# गाउँमा उत्पादन भएको घिउले बजार पाएन

नमस्ते समचारदाता
कालीकोट, मंसिर/११



कालीकोट जिल्लाको नरहरिनाथ गाउँपालिका घिउ उत्पादनका हिसाबले राम्रो क्षेत्र हो । यहाँका प्रायः घरमा भैँसी पाल्ने चलन अहिले पनि कायमै छ । भैँसीको दुधबाट उत्पादन हुने घिउले बजार नपाउँदा किसान समस्यामा छन् । नरहरिनाथ ७ मालकोटका ६० वर्षीय रत्नबहादुर बटालाको भैंसीपालन पुर्ख्यौली पेशा हो । उहाँको अहिले सातवटा भैँसी छन् । लैना भैँसीबाट उत्पादन गरेको दुध, दही र घिउले भने बजार पाउन सकेको छैन । उत्पादित घिउले भने जस्तो बजार नपाउँदा बटाला निराश हुनुहुन्छ । पहिलाको जस्तो बर्दियाको राजापुर, कैलालीको चिसापानी लिएर घिउ बिक्री गर्नुपर्ने बाध्यता भने हटेको बटालाको भनाइ छ । बटाला जस्तै वडा नं ५ रुप्साका मनवीर सहकारीका गोठमा ६ वटा भैंसी छन् । परापूर्वकाल देखि भैंसीपालन गरिरहनुभएका सहकारीको घरमा दैनिक १२ लिटर दुध उत्पादन हुन्छ, तर बजारकै समस्याका कारण दुध बिक्री गर्न हुन सकेको छैन । दुध जमाएर मोही पार्ने र घिउ जम्मा गर्ने गरिरहनुभएको छ । सहकारीले पहिला जस्तो सस्तो घिउ नभएको मूल्य बढे पनि बजारको अभाव भने हुँदै आएको बताउनुभयो । पहिला राजापुरमा लिएर घिउ बेच्नुपर्ने हुन्थ्यो, अहिले केही कर्मचारी यतै गाउँमा आएका बेला घिउ किन्नुहुन्छ, तर केही घिउ घरमै रहने गरेको छ । गाउँमा प्रशस्त घाँस पाइने र चरन क्षेत्र पनि धेरै राम्रो भएकाले नरहरिनाथ गाउँपालिकाका अधिकांश स्थानीयले भैंसी पाल्ने गर्दछन् । तर दुग्धजन्य पदार्थ बिक्रीमा समस्या छ । बजार अभावमा स्थानीयले उत्पादन गरेको घिउ घरमै थन्किने गरेको छ । स्थानीय अमर बटालाका अनुसार दुध बिक्री नभएपछि त्यसको घिउ बनाउँदै आएका छौं । घिउ बिक्री गर्न पनि तीन/चार घण्टा हिँडेर स्थानीय बजार पुग्नुपर्छ, उहाँले भन्नुभयो बिक्रीका लागि घरघर डुल्नुपर्ने बाध्यता छ । कतिपय बेला गाउँमै खोजी हुन्छ तर भने जस्तो मूल्य नपाउने हुनाले बिक्री गर्दैनौं । अधिकांश परिवारमा दुई वटा भैंसी छन् । गाउँसम्म सडक सुविधा भए पनि गाडी कमै मात्र चल्ने गरेका छन् । अहिले नरहरिनाथ गाउँपालिकाको केन्द्र कुमालगाउँमा ल्याएको घिउ बिक्री हुन सकेको छैन । प्रतिकिलो सात सय रुपियाँ पर्ने भएकाले जो कोहीले घिउ किन्दैनन् । व्यापारीले झन सस्तोमा खरिद गर्न खोज्ने भएकाले घिउ घरमै थन्किने गरेको छ । रेडक्रस कुमालागाउँ शाखा सभापति रामबहादुर बटालाले सदरमुकाम मान्ममा प्रतिलिटर ६० रूपैयाँमा दुध बिक्री हुने गरे पनि यहाँ गाउँमा दुध खपत नहुने हुँदा किसान समस्यामा रहेको बताउनुभयो । प्रायः गाउँमा सबैका लैना (दुध दिने) भैँसी छन, कसले किनिदिनु त्यसैले पनि घिउ बनाउनुको विकल्प नभएको बटालाको भनाइ छ । हामीसँग घिउ बनाउनेबाहेक अन्य कुनै सीप छैन, उहाँले भन्नुभयो, आवश्यक तालिम र उपकरणमा कसैले सहयोग गरे दुग्धजन्य उत्पादनलाई नै व्यवसाय बनाउन सकिन्थ्यो । बटालाले गाउँमा एउटा भैंसीको मूल्य ५० हजारदेखि ७० हजार रूपियाँसम्म पर्छ, तर एउटा भैंसीको दुधबाट वर्षमा ३० किलोसम्म घिउ उत्पादन हुन्छ त्यसैले भैँसीको लगानी डुब्ने गरेको किसानको गुनासो छ । सरकारले किसानका लागि अनुदानको व्यवस्था नगर्दा खास किसान मर्कामा पर्दै आएका छन । कृषि विकास कार्यालय, पशु सेवा कार्यालयले खास किसानभन्दा पनि पहुँचवालालाई अनुदान दिने चलन अहिले पनि जारी छ ।

# कोहलपुरमा शवदाह गृह निर्माण कार्य तीव्र

नमस्ते समचारदाता
कोहलपुर, मंसिर/११



कोहलपुर नगरपालिकाले कोहलपुर-११ स्थित डुडुवा र रोहिणी खोलाको संगमस्थलमा शवदाह गृह निर्माण गरिरहेको छ । गत असोज १९ गते शिलान्यास गरिएको अत्याधुनिक प्रविधियुक्त शवदाह गृह तीव्र रूपमा निर्माण भइरहेको नगरपालिकाले जनाएको छ । कुल १ करोड २५ लाख लागतमा शवदाह गृह निर्माण हुन लागेको हो । शवदाह गृह निर्माण समितिका संयोजक चक्रबहादुर अधिकारीका अनुसार शवदाह गृह निर्माणको काम ८० प्रतिशत सम्पन्न भइसकेको छ । माघ महिनादेखि औपचारिक रूपमा सञ्चालनमा ल्याउने गरी तीव्र गतिमा निर्माणकार्य भइरहेको संयोजक अधिकारीले बताए । शवदाह गृहका लागि चाहिने अधिकांश संरचना निर्माण भइसकेको उनको भनाइ छ । शवदाह गृहमा अत्यावश्यक रहेको विद्युतसमेत जडान गरिएको संयोजक अधिकारीले जानकारी दिए । 'कोहलपुरको अत्यावश्यक संरचना निर्माण भइरहेको छ । निर्माणको ८० प्रतिशत काम हामीले सम्पन्न गरिसकेका छौँ । आगामी माघ महिनामा शवदाह गृह सञ्चालनमा ल्याउनेगरी काम भइरहेको छ,' अधिकारीले भने । शवदाह गृह निर्माणका लागि स्थानीय सरकार, व्यवसायी र बैंकहरूबाट राम्रो सहयोग पाइएको उनको भनाइ छ । कोहलपुर नगरपालिकाले १५ लाख रुपैयाँ छुट्याएको छ । कोहलपुर नगर विकास समितिबाट ५० लाख रुपैयाँ ऋण लिएर शवदाह गृह निर्माण भइरहेको हो । एभरेष्ट बैंकले ५० लाख रुपैयाँ सहयोग गरेको छ । ग्लोबल आईएमई बैंकले २० लाख सहयोग गरेको छ । गोल्छा समूह र दुगड समूहले समेत शवदाह गृहका लागि आवश्यक संचरना निर्माणको वाचा गरेको र छिट्टै सहयोग हस्तान्तरण गरिने आशा उनले व्यक्त गरे । कोहलपुर नगरपालिका-१२ का वडाअध्यक्ष वीरेन्द्रकुमार शाहले लामो समयको प्रतीक्षापछि कोहरपुरबासीको सपना पूरा हुने चरणमा पुगेको बताए । उनले शवदाह गृह सञ्चालनका लागि सहयोग गर्ने सम्पूर्ण दाताहरूलाई धन्यवाद पनि दिए । कोहलपुरमा शवदाह गृह नहुँदा ४२ किलोमिटर दूरी पार गरेर राप्ती सोनारीस्थित अगैया घाट जानुपर्ने बाध्यता कोहलपुरबासीलाई थियो । निर्माण समितिका संयोजक अधिकारीले अन्य धेरै व्यवसायीहरूले सहयोग गरिरहेको र छिट्टै निर्माण सम्पन्न हुने बताए ।

## विद्यालयको...

यता रास्कोट नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत जवानसिंह बमले ठेक्काभन्दा पनि कोटेसन मार्फत सामान खरिद गरिएको होला भन्दै अनभिज्ञता प्रकट गरे । उनले सबै कुराको जानकारी शिक्षा शाखा प्रमुख खेमराज शाही र सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई हुने जवाफ दिदै पन्छिए । शिक्षा शाखा प्रमुख खेमराज शाहीले भने यसबारे सूचना दिन अस्वीकार गरेका छन् । दिवा खाजा खरिदका लागि कोटेसन आह्वान गरेको सूचनासमेत प्रकाशित भएको छैन । आन्तरिक सल्लाहमा तीन वटा कोटेसन जम्मा गर्न लगाएर खरिदको जिम्मा नेपाल स्वास्थ्य फुड इन्डस्ट्रिज प्रालि मोरङलाई दिइएको छ । दिवा खाजा खरिदका लागि सम्बन्धित पालिका, विद्यालय र आमा समूहले खरिद गर्ने मात्रा पुर्‍याउने र स्थानीय उत्पादनको प्रयोग गर्ने निर्देशिकामा उल्लेख छ । नगरप्रमुख शाह र शिक्षा शाखा प्रमुख शाहीद्वयको मिलेमतोमा शिक्षा समितिमा प्रस्ताव लिएर आधिकारिक रूपमा समितिको मिति २०८१ असोज २२ गते बसेको बैठकको निर्णयमा नेपाल स्वास्थ्य फुड इन्डस्ट्रिज प्रालिलाई खाजा आपूर्तिको जिम्मा दिने उल्लेख छ । सुरुमा तीन महिनाका लागि परीक्षण गर्ने भनिए पनि छ महिनासम्मका लागि खाजा पठाइएको र बिल पठाउने काम भइरहेको छ । सुरुमा ४५० रुपियाँ मूल्य पर्ने भनिए पनि अहिले मूल्य बढेको भन्दै ४९० रुपियाँ प्रतिकेजी पर्ने भनी बिलमा उल्लेख गरिएको विद्यालयको गुनासो छ ।

मोबाईलको लतबाट बालबालिकालाई बचाऔं

मोबाईलको लतबाटः

- निद्रा ढिलो लाग्ने, पातलो हुने र पटक-पटक ब्युझने समस्या हुनसक्छ,
- मोबाईल देखाएर खाना खुवाउनाले पोषण तथा पाचनप्रणाली सम्बन्धी समस्या आउन सक्छ,
- मोबाईलको लत लागेका बालबालिकामा एकोहोरो हुने, रिसाउने, झर्किने, रुने, दोहोरो कुरा नगर्ने लगायतका समस्या देखिन सक्छन्,
- लामो समय मोबाईल हेर्ने बालबालिकामा निद्रा लाग्ने हार्मोन उत्सर्जनमा समस्या हुन सक्छ,
- मोबाईलले बालबालिकाको मस्तिष्क विकासमा असर पुर्‍याउन सक्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# १४ वर्षीया कामना बनिन् कर्णाली प्रदेशको सामाजिक विकास मन्त्री

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/११



लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको पहिलो दिन सोमबार, अन्तर्राष्ट्रिय महिला हिंसा अन्त्य दिवसको अवसरमा कालिकोटकी १४ वर्षीया कामनाले कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालयका मन्त्री घनश्याम भण्डारीको भूमिका निर्वाह गरेकी छन् । बालबालिकाको अधिकार पवर्द्धन, बालिका र किशोरीको समानता र सशक्तिकरणका लागि क्रियासिल संस्था प्लान इन्टरनेशनलले सञ्चालन गरेको "गर्ल्स टेक ओभर अभियान" अन्तर्गत कामनाले मन्त्रीको भूमिका निर्वाह गरेकी हुन् । उक्त अवसरमा किशोरी मन्त्रीले बालबालिका र किशोरीहरु माथि हुने सबै खालको हिंसाको अन्त्य हुनुपर्ने माग गरिन् । मन्त्रि बनेपछि उनले कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको काम र योजनाबारे जानकारी लिइन् । शिक्षा, स्वास्थ्य र सामाजिक विकास महाशाखाका प्रमुखहरुले मन्त्रालयद्वारा भए गरेका कामहरु र आगामी योजनाबारे जानकारी दिएका थिए भने कामनाले कर्णालीको बालबालिका र किशोरीहरुको स्वास्थ्य, शिक्षा र सशक्तिकरणका लागि थप सुधार र विकासको माग राखेकी थिइन् । कार्यक्रम बारे बोल्दै कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रि घनश्याम भण्डारीले सबै किशोरकिशोरी र युवाहरु नेपालको भविष्य भएकोले यो कार्यक्रमले तिनै किशोरकिशोरी र युवाहरुको सशक्तिकरणसंगै, भविष्य र सम्भावना पनी नेपालमै खोज्नका लागि सकारात्मक संदेश दिएको बताए । त्यसैगरी उनले लैंगिक हिंसा बिरुद्धको दिवसको शुभारम्भाको दिनमा कालीकोटकी एक किशोरी मन्त्री पदमा बसेर कर्णालीको बाबालिकाको समस्या र मागहरुमाथि थप ध्यानाकर्षण गराएकोमा धन्यवाद दिए । सो अवसरमा सामाजिक विकास मन्त्रालयका सचिवले आफ्नो सफल जिवन यात्राबारे अनुभव बाँड्दै किशोरी मन्त्रीलाई बधाई दिए । यस्तो खालको अभियान कर्णालीका बालिका र किशोरीहरुका लागि सुखद कुरा रहेको जनाउँदै उनले यस्ता अभियानले आत्मविश्वास बढाउने र सशक्तिकरण संगै लैंगिक समानता कायम गर्ने विश्वास व्यक्त गरे । प्लान इन्टरनेशनल नेपालका राष्ट्रिय निर्देशक रामकिशनले गर्ल्स टेक ओभर अभियान बालिका र किशोरीहरुको समानताका लागि एक उत्कृष्ट अवसर भएको जनाउँदै यसले बालिका तथा किशोरीहरूलाई निर्णायक भूमिकामा राखि उनीहरूको विचार तथा जीवनमा भोगेका चुनौतिका बारेमा जानकारी लिन संघ संस्था र निकायहरूलाई अवसर प्रदान गर्ने बताए । प्लान इन्टरनेशनल नेपाल, पश्चिम क्षोत्रिय कार्यालयका क्षेत्रीय प्रबन्धक मीना पराजुलीले गर्ल्स टेक ओभर जस्ता प्रतीकात्मक अभियानहरूले बालिका र किशोरीहरूको नेतृत्व क्षमता र सहभागितामा जोड दिने जनाउँदै यी अभियानहरूले उनीहरूको सशक्तिकरणलाई प्रोत्साहित गर्ने बताइन् । जुम्ला, कालिकोट, सुर्खेत, धनुषा, सिन्धुली, बर्दिया जिल्लामा अक्टोबर र नोभेम्बर महिनामा यस अभियानअन्तर्गत ब्रिटिश राजदुतावास, नर्वेजियन राजदुतावास, राष्ट्रिय युवा परिषद, फिनल्याण्ड राजदुतावास, यूरोपियन युनियन, जर्मन राजदुतावास, संयुक्त राष्ट्र संघ विकास कार्यक्रम, जर्मन राजदुतावास, गाउँपालिका अध्यक्ष र नगरपालिका प्रमुख, प्रमुख जिल्ला अधिकारी लगायतको भूमिकामा किशोरीहरूले नेतृत्व लिएको क्षेत्रीय प्रबन्धक पराजुलीले बताइन् । गर्ल्स टेक ओभरमा देशभरका ५ जिल्लाका ३० जना किशोरीहरूले विभिन्न संघसंस्था र निकायहरूमा विभिन्न पदको अर्थपूर्ण र प्रभावकारी तरिकाले नेतृत्व लिने योजना रहेको छ । जिल्ला, प्रदेश, संघीयस्तरमा हुने प्रत्येक पदभार ग्रहणको समयमा किशोरीबाट पदीय जिमेवारीमा रहि किशोरीमाथि लगानी, समावेशितामा आधारित किशोरी लक्षित कार्यक्रम अर्थपूर्ण र प्रभावकारी तरिकाले र किशोरी तथा युवा महिलाको शक्ति र नेतृत्वको बारेमा संस्थाको प्रतिबद्धता रहने र हुनुपर्ने कुरामा छलफल गरिंदै आएको छ । गर्ल्स टेक ओभर बालिका र किशोरी अधिकारका लागि क्रियाशिल संस्थाहरू, प्लान इन्टरनेशनल नेपाल, युवा, युवालय, क्याड नेपाल-जुम्ला, पेस नेपाल-जुम्ला, किडार्क कालिकोट, हुरुण्डेक कालिकोट, सादा नेपाल कालिकोट, स्याक नेपाल सुर्खेत, बी-ग्रुप बर्दिया, आरकेजेएस बर्दिया, बाँके यूनेस्को क्लब, जनजाती समाज विकास समिति सिन्धुली, जेडब्लुएएस नेपाल, सीएफडब्लुए, एफडि आरसी र सपोर्ट नेपाललगायतका संस्थाहरूको साझा अभियान हो ।

# बाख्रापालनबाट वार्षिक १५ लाख आम्दानी



नमस्ते समचारदाता
दाङ, मंसिर/११

तुलसीपुर उपमहानगरपालिका -१० टरिगाउँका ४० वर्षीय रुद्रगोपाल डाँगीले उन्नत जातका बाख्रापालन व्यवसायबाट वार्षिक रु १५ लाखसम्म आम्दानी गरिरहेका छन् । नेपाल प्रहरीबाट सेवानिवृत्त भएपश्चात् २०७५ साल देखि व्यावसायिक बाख्रापालन सुरु गरेका उनले सबै खर्च कटाएर वार्षिक रु छ लाख बचत हुने गरेको बताए । डाँगीले कृषि तथा पशुपालन क्षेत्रमा सम्भावना खोज्दै साहारा पशुपालन फार्म खोलेर उन्नत जातका बाख्रापालन सुरुआत गरेका छन् । उनले व्यावसायिक तरिकाबाट उन्नत जातका बाख्रापालन गरेर छोटो समयमा एक सफल बाख्रापालक किसानका रूपमा आफूलाई चिनाउन सफल भएका छन् । विगत ६ वर्षदेखि सो पेसामा आवद्ध डाँगीले अहिले दुई जना स्थानीयलाई रोजगारी समेत दिएका छन् । सुरुका वर्षमा स्थानीयको एक कच्चीघरसहित केही जमिन भाडामा लिएर व्यवसायको सुरु गरे पनि अहिले आफ्नै पाँच का जमिनमा बाख्राका लागि खोर तथा घाँसका लागि रूख निर्माण गरेको डाँगीले बताए । उनका अनुसार फार्ममा अहिले साना र ठूलागरी दुई दर्जनबढी बाख्रा छन् । दसैंको समयमा १० वटा खसी आठ वटा बोका बिक्री गरेको डाँगीले जानकारी दिए । खसी अधिकांश २५ किलो माथि र बोका १३ देखि १५ किलोका बिक्री गर्दा मनग्ये आम्दानी भएको भन्दै जिउँदो खसी प्रतिकेजी रु आठ सय र बोका जिउँदो रु सात सय ६५ का दरले बिक्री गरेको उनले बताए । डाँगीले फार्ममा अहिलेसम्म रु १५ लाखबढी लगानी भइसकेको बताए । खसी, बोका र बाख्राको मल बिक्रीबाट वार्षिक रु १४ देखि १५ लाखसम्म आम्दानी हुने गरेको जनाउँदै सबै खर्च कटाएर वार्षिक रु ६ लाखसम्म बचत हुने गरेको बताए । घाँसको उत्पादन नहुँदा, दाना तथा चरणलगायत अन्य सामग्री खरिद गर्नुपरेकाले लागत खर्च बढेको पनि डाँगीले बताए । डाँगीले भने, 'अहिलेसम्म सरकारी निकायबाट केही प्राविधिक सहयोग पाए पनि आर्थिक सहयोग कतैबाट पनि पाएको छैन ।' कम लगानीमा छोटो समयमा मनग्य आम्दानी गर्न सकिने भएकाले अहिले फार्ममा विभिन्न ठाउँबाट बाख्रा हेर्न, जानकारी लिन तथा खरिदका लागि मानिस आउने गरेका डाँगीले बताए । किसान द्वारा उत्पादित सामग्रीलाई बजार व्यवस्थापनमा स्थानीय सरकारले सहयोग गर्नुपर्ने सुझाव दिँदै युवालाई स्वदेशमा रोजगारीका अवसर सृजना गर्न कृषिमा अनुदान, आर्थिक सहयोग तथा सीप विकासमा स्थानीय सरकार केन्द्रित हुनुपर्ने उनको भनाइ छ ।

# कर्णालीका आर्थिक वृद्धिका प्रमुख क्षेत्रहरू कुन-कुन हुन् ?

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/११




कर्णाली प्रदेशको आर्थिक वृद्धिका प्रमुख क्षेत्र पर्यटन, कृषि र जडीबुटी हुन् । इन्टरनेशनल आइडिया नेपालद्वारा सोमबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजित बहुसरोकारवालासँगको छलफलमा कर्णालीको आर्थिक वृद्धि र यसका सम्भावनाबारे अध्ययन प्रतिवेदन प्रस्तुत गरिएको थियो । उक्त छलफलमा आइडिया नेपालका प्रादेशिक कार्यक्रम अधिकृत खगेन्द्र चाम्लिङ राईले प्रतिवेदन प्रस्तुत गर्दै यो अनुसन्धानमा आवधिक योजना, आर्थिक सर्वेक्षण, मुख्य व्यक्तिहरूसँगको साक्षात्कार, सरोकार भएकाहरूको विश्लेषण र अवलोकनबाट प्रदेशको आर्थिक सम्भावनाको विश्लेषण गरिएको बताए । उनले भने, "हामीले अनुसन्धान प्रतिवेदन निर्माणपश्चात् विषयगत बहुसरोकारवालाहरू जस्तो विकास साझेदार, महिला सरोकारवाला, उद्योग, व्यवसायी, नागरिक अगुवा, राजनीतिकर्मी, कर्मचारीहरूसँग छलफल गरेका छौं ।" जिल्लासहित प्रदेशस्तरीय बहुसरोकारवालासँग बसेर नीतिगत र कार्यान्वयन तहमा भएका समस्याको खोजगरी निष्कर्ष पुग्ने लक्ष्यसहितको योजना बनाइएको अधिकृत राईले जनाए । आइडिया नेपालका कार्यक्रम अधिकृत प्रमोद भगतले प्रदेश सरकारको अर्गानिक कर्णाली निर्माणको लक्ष्य, गोल्डेन ट्र्याङ्गल रुट, पर्यटन, भेरी तथा तल्लो कर्णाली क्षेत्रको कृषिको दीगो उत्पादन र पूर्वाधारलगायत विषय समेटिको प्रतिवेदनमाथि प्रस्तुति राखे । उक्त संस्थाका प्रादेशिक कार्यक्रम व्यवस्थापक प्रकाश झाले कर्णालीमा उपज वस्तुको मूल्य शृङ्खलालाई सरकारले ध्यान दिनुपर्ने तर्क गरे । उत्पादित वस्तुहरूको बजारीकरण हुनसके यहाँका नागरिकको आयआर्जनमा वृद्धि हुने उनले विश्वास व्यक्त गरे । छलफलमा आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रवक्ता महेन्द्रजङ्ग शाहीले कर्णालीको पुँजी निर्माण गर्न वन क्षेत्रको उपयोग, सेवाको प्रभावकारिताका लागि सडक सञ्जाल र एकीकृत बस्ती विकास हुनुपर्नेमा जोड दिए । कार्यक्रममा सहभागी गाउँपालिका राष्ट्रिय महासङ्घका प्रदेश सदस्य तथा चौकुने गाउँपालिका सुर्खेतका अध्यक्ष खड्ग विकले कार्य प्रकृतिका आधारले सबै क्षेत्र र पेसा व्यवसायको पहिचान हुनुपर्ने, कार्यक्रमलाई वास्तविक किसानकहाँ पुर्‍याउनुपर्नेमा जोड दिए ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट



बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके